# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## विहादी गाउँपालिका
पर्वत




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

विहादी गाउँपालिका

पर्वत



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

**२०७९**

विहादी गाउँपालिका

पर्वत

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ६१ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पर्वत।

**कैफियत सहितको राय**

हामीले विहादी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १ करोड ३८ लाख ३० हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १८ लाख ५३ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ८ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३१ लाख १४ हजार, नियमित गर्नुपर्ने रु ८१ लाख ८२ हजार र पेश्की रू. ३ लाख ५६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ४ करोड ५२ लाख ४३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ५ करोड २६ लाख ८० हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घामर)
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४० | १०७ | १३८३० | ० | ४ | १८५३ | ४० | १०३ | ११९७७ | ८१५ | ८१८२ | ३११४ | ० | ० | ११२९६ | ३५६ |

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ९ | निवास ईन्जिनियरिङ्ग र युनिभेसल कन्स्ट्रक्सन प्रा लि को मु अ कर समायोजन प्रमाण पेश। | २६१५५१ |
| २ | ४९ | क्याम्पसलाई अनुदान दिएको रकमको लेखापरीक्षण प्रतिवेदन पेश । | ५००००० |
| ३ | ५४ | ट्याङ्कि वितरणको भरपाई पेश भएको। | १०९१४७५ |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| विहादी गाउँपालिका | ४५२४३ | ० | ४५३१ | ४९७१२ | ० | ११९७७ | ५२६८९ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९
कार्यालय र स्थान : विहादी गाउँपालिका, पर्बत , बिहादी गाउँपालिका , पर्वत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चूर्ण बहादुर कार्की | २०७९-९-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अर्जुन रिजाल | २०७६-८-१६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ११९७७४१३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५,६२,७४,९७४.०६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,००,४७,०९३.४ | **चालु खर्च** | २२,९७,३०,९८३.८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,११,४५,०००.९८ | **पूँजीगत खर्च** | १३,४५,१९,५४०.१ |
| **राजश्व बाँडफाँट** | ४,९२,१४,९१५.२५ | **वित्तीय/अन्य व्यवस्था** | ७,६२,९७,७४९.४ |
| **आन्तरिक आय** | ७६,०३,८६८.९ | | |
| **अन्य आय** | ८,७७,६८,३२५.४४ | | |
| **कुल आय** | ४६,५७,७९,२०३.९७ | **कुल खर्च** | ४४,०५,४८,२७३.३ |
| **बाँकी मौज्दात** | | ८,१५,०५,९०४.७१ | |

| क्र सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लिखित आर्थिक कारोबारकोलेखापरीक्षण ऐन २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख सहितका पदाधिकारीहरुसँग मा छलफल सम्पन्न गरि कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| २ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । पर्वत जिल्ला स्थित यस पालिकाको वडा संख्या ६, पालिका सभा सदस्य ३४, जनसंख्या १२ हजार ५२१ जना र क्षेत्रफल ४४.८ वर्ग किलोमिटर रहेकोछ । | |
| ३ | | | **असूली**<br><br>लेखापरीक्षणको क्रममा गरिबी निवारणका लागि उद्यम विकास कार्यक्रम अन्तर्गत स्तरोन्नती कार्यक्रमतर्फ सम्झौता भन्दा कम ३ जना सहभागीको रु ३५५९५ असूल भई सम्बन्धीत खातामा दाखिला भएको छ । | |
| ४ | | | **वित्तीय विवरण(म.ले.प.फा.नं.२७२)** | |

**स्थानीय सचित** कोष अर्थिक वर्ष २०७८/०७९ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| प्राप्ती भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५१८४२१२२२.३ | ४६५७७९२०३.९६ | | ४६५७७९२०३.९६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४३६४२०६९१ | ३८२०१०८७९ | ०. | ३८२०१०८७८.५२ |
| ११००० कर | 11 | ५३७९४००० | ४९२१४९१५.२५ | ०. | ४९२१४९१५.२५ |
| १३००० अनुदान | | ३७४७०२००० | ३२५१९२०९४ | ०. | ३२५१९२०९४.३७ |
| संघीय सरकार | 12 | ३४०९३८००० | ३०००४७०९३.३९ | ०. | ३०००४७०९३.३९ |
| प्रदेश सरकार | 12 | २९७६४००० | २११४५०००.९८ | ०. | २११४५०००.९८ |
| अन्तरिक श्रोत | | ४०००००० | ४०००००० | ०. | ४००००००. |
| १४००० अन्य राजस्व | | ७५२४६९१ | ७०४९९१८.१ | ०. | ७०४९९१८.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५००० विविध प्राप्ति | | ४००००० | ५५३९५०.८ | ०. | ५५३९५०.८ |
| ख. अन्य प्राप्ति | | ८२०००५३१.३ | ८३७६८३२५.४४ | | ८३७६८३२५.४४ |
| वितरण गर्न बाकी राजस्व | | ०. | ०. | ०. | ०. |
| कोषहरु | | १२७०६७२३.३ | १२७०६७२३.४४ | ०. | १२७०६७२३.४४ |
| धरौटी | | ०. | १८३१५४३. | ०. | १८३१५४३. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | 69293808 | 69230059 | ०. | ६९२३००५९. |
| भुक्तानी (ग+घ) | | ५७६४२१२२२.३ | ४४०५४८२७३.३१ | | ४४०५४८२७३.३१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४९४४२०६९१ | ३६४२५०५२४ | | ३६४२५०५२३.९१ |
| २१००० पारिश्रमिक / सुविधा | 18 | १७९३९१६०० | १६०९२६८१४.४४ | ०. | १६०९२६८१४.४४ |
| २२००० मालसामान तथा | 18 | ८८५२४२४७ | ५५३६५५१०.३४ | ०. | ५५३६५५१०.३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| सेवाको उपयोग | | | | | |
| २५००० सहायता (Subsidy) | 18 | ७०५८००० | ५२९७१२८ | ०. | ५२९७१२८. |
| २६००० अनुदान | 18 | ४६२५००० | ४४५२४७१ | ०. | ४४५२४७१. |
| २७००० सामाजिक सुरक्षा | 18 | ४७४०००० | २७९८९५८ | ०. | २७९८९५८. |
| २८००० अन्य खर्च | 18 | १०२२००० | ८९०१०२ | ०. | ८९०१०२. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | 18 | २०९०५९८४४ | १३४५१९५४०.१३ | ०. | १३४५१९५४०.१३ |
| घ. अन्य भूक्तानी | | ८२०००५३१.३ | ७६२९७७४९.४ | | ७६२९७७४९.४ |
| कोषहरु | | १२७०६७२३.३ | ४९९२५७५.२२ | ०. | ४९९२५७५.२२ |
| धरौटी | | ०. | २०७५११५.१८ | ०. | २०७५११५.१८ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ६९२९३८०८. | ६९२३००५९. | ०. | ६९२३००५९. |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>-५८००००००</td><td>२५२३०९३१</td><td></td><td>२५२३०९३०.६५</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>५६२७४९७४.०६</td><td></td><td>५६२७४९७४.०६</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>-५८००००००</td><td>८१५०५९०५</td><td></td><td>८१५०५९०४.७१</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>24</td><td></td><td>८१५०५९०४.७१</td><td></td><td>८१५०५९०४.७१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
वित्तीय विश्लेषण<br><br>
स्थानीयसरकार संचालन ऐन, २०७४को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असारमसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोहीऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापनगर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्<br><br>
<ul><li>पालिकाले पेश गरेको आर्थिक विवरणमा कोष तथा लेखा नियन्तक कार्यालयबाट सोझै भुक्तानी हुने(CGAS) तर्फका सामाजिक सूरक्षा र गरिवसँग विश्ववशर लगायतका शिर्षक म.ले.प.फा.२७२ मा समावेश भएको देखिएन । उक्त खर्चहरु म.ले.फा.नं.२७२ को संघ तथा प्रदेश सरकारका अन्य कार्यक्रम तर्फ समावेश गरी आर्थिक विवरण प्रस्तुत गरीएको छ । जसअनुसार सुत्रबाट देखिएको आर्थिक विवरणबाट पालिकाको यथार्थ आर्थिक कारोबारको चित्रण भएको छैन ।</li></ul>
</td><td></td></tr>
</table>

- म.ले.प.फा.नं. २७२ मा यस वर्षको अल्यातर्फ रु.५६२७४९७४ मात्र जिम्मेवारी सरेको देखिन्छ । जसअनुसार सोही वित्तीय विवरणको अनुसूची १० मा संचितकोषको गत वर्षको बाँकी रु.५३२१२५१४ र अनुसूची १५ मा गत वर्षको बाँकी रु.१४६१७८१६ समेत रु.६७८३०३३० अनुसार हने देखिन्छ । जसबाट सुत्रले तयार गरेको एकीकृत वित्तीय विवरण तथा अनुसूचीहरु बीच नै अंक भिडान नहुने तथा गत वर्षको मौज्दात रकम स्वतः अल्या नहुने भएकोले सुत्रले तयार गरेको वित्तीय विवरण यथार्थ छ भन्न सकिने अवस्था रहेन ।
- म.ले.प.फा.२७२ को अनूसूची २१ अनुसार प्रदेश समपुरक तर्फ फिर्ता गर्न बाँकी रु.६६६४९९२ देखाएको छ । पालिकाले प्रदेश फिर्ता गर्न बाँकी रहेको भनी अनुसूची २१ मा देखाएको रकम फिर्ता गरी सकेकोले उक्त सरकाको हिसाब मिलान हुर्नुपर्दछ ।
- लेखापरीक्षणकाक्रममा फिर्ता पठाएको रकम लगायतका कारोबारहरु बैंक नगदी किताबमा समेश नभएको कारण पालिकाले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविकस्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

६

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| सामाजिक विकास क्षेत्र | २६८१८१५९६ | २२४८०४८५८ | ६१.७१ |
| पूर्वाधार विकास क्षेत्र | १००६२०२०० | ४७९४०२२० | १३.१६ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ५८३७५७५१ | ४५३९६५७४ | १२.४६ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>आर्थिक विकास</td><td>४१०४६५२२</td><td>२४७६२४०५</td><td>६.८०</td></tr>
<tr><td>सुशासान तथा अन्तरसम्बन्धीत क्षेत्र</td><td>२६१९६६२१</td><td>२१३८२४६५</td><td>५.८७</td></tr>
<tr><td>जम्मा</td><td>४९४४२०६९०</td><td>३६४२८६५२२</td><td>१००.००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार पालिकाको सभाबाट विनियोजन बजेटमध्ये कुल खर्चको तुलनामा सबैभन्दा बढी सामाजिक विकास क्षेत्रमा ६१.७१ प्रतिशत र सबैभन्दा कम सुशासन तथा अन्तरसमबन्धीत क्षेत्रमा ५.८७ प्रतिशत खर्च रहेको छ ।अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>अवण्डा<br><br>स्थानीय क्षेत्रगत बजेट , सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्नेमा व्यवस्था छ । पालिकाले यस वर्ष ससाना योजनाहरु तर्फ भनी वडा तर्फ रु.३१६७६४८ र भैपरी आउने पुजिगत भनी पालिकातर्फ रु.४९४८९७४ समेत८११६६२२ अवण्डा राखेको देखिन्छ । उक्त अवण्डा रकम मध्ये पालिका प्रमुखको तोक आदेशमा भैपरि आउनेतर्फ विभिन्न १५६ पटक गरी रु.४९४८९७४ र वडा तर्फ वडा अध्यक्षको सिफारिसको आधारमा १०६ पटक गरी रु.३१३६६८७ समेत कुल २६२ पटकमा रु.८०८५६६१ खर्च गरेको छ । तसर्थ बजेट अबण्डमा राखी वडा समिति तथा पालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>आय असुली र दाखिला<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ ले राजस्व आम्दानी तथा बैक दाखिला गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार वडा कार्यालयबाट यस वर्ष कुल रु.१३९८३७७ कर तथा शुल्क असूल भएकोमा वडामा बैक नभएको कारण समयमा दाखिला भएको देखिएन । साथै पालिका तथा वडाले दैनीक आम्दानी रजिष्टर नराखेको कारण वडाबाट जारी भएको रसिद ठेलीको आधारमा के कति ढिलो समयमा राजस्व दाखिला गरेको सोहो विवरण यकिन गर्न सकिएन । साथै पालिका आय असूल तथा समयमा बैक दाखिला भए नभएको सम्बन्धमा अनुगमन समेत गरेको देखिएन । तसर्थ पालिकाबाट समय समयमा अनुगमन गरी आय असूली तथा दाखिला व्यवस्थित हुनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr>
<td>९</td>
<td></td>
<td></td>
<td>
कर समायोजन
अर्थ मन्त्रालयको च.नं.३६९ मिति २०६९।६।१७ तथा आन्तरिक राजस्व विभागको च.नं.१२ मिति २०६९।६।१० को पत्रअनुसार ठेक्का तथा करारमार्फत निर्माण तथा मालसामानको आपुर्तीको अन्तिम भुक्तानी वा धरौटी फिर्ता गर्नु पूर्व त्यसरी भूक्तानी भएको रकम र मूल्य अभिवृद्धि कर सम्बन्धित ठेकेदार तथा आपूर्तिकर्ताले कर विवरणमा समायोजन गरे नगरेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट एकिन गरे पश्चात् मात्र भूक्तानी गर्नुपर्ने उल्लेख छ । तर पालिकाले देहाय अनुसार निर्माण वापतको ५ प्रतिशतले कट्टी गरेको धरौटी फिर्ता गर्दा मूल्य अभीवृद्धी कर समायोजन गरेको प्रमाण संलग्न राखेको देखिएन् । तसर्थ मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ । रु
<table>
<tr><td>भौचर नं</td><td>निर्माण व्यवसायि</td><td>वापत</td><td>रकम</td></tr>
<tr><td>२०</td><td>सिमा निर्माण सेवा</td><td>औद्योगिक ग्राम निर्माण</td><td>२१३०७४</td></tr>
<tr><td>२३</td><td>एजस्भि एग्रो ईन्टरनेशनल प्रालि</td><td>कुटानी पिसानी मल खरिद</td><td>२१३६७५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४२६७४९</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९/ १२/१७ को निर्णयबाट रु. २६१५५१/- सम्परीक्षण गरिएको । )
</td>
<td>४२६,७४९</td>
</tr>
<tr>
<td>१०</td>
<td></td>
<td></td>
<td>
आम्दानी र दाखिला
पालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रू. १८ लाख १३ हजार करोड लाख राजस्व संकलन हुने अनुमान गरेकोमा पालिकाबाट प्राप्त अभिलेख अनुसार यस वर्ष देहाय अनुसार शिर्षकमा रू.२० लाख ९७ हजार संकलन भएको देखिन्छ ।
<table>
<tr><td>शीर्षक</td><td>अनुमान</td><td>असुली</td><td>प्रतिशत</td></tr>
<tr><td>सम्पती कर</td><td>०</td><td>०</td><td>०.००</td></tr>
<tr><td>मालपोत तथा भुमिकर कर</td><td>५५५५००</td><td>५५५४९६</td><td>१००.००</td></tr>
<tr><td>घरबहाल कर</td><td>१८४५००</td><td>२०९९३७</td><td>११३.७९</td></tr>
<tr><td>कृषि तथा पशुजन्य व्यवसायमा लाग्ने कर</td><td>०</td><td>०</td><td>०.००</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| अन्य कर | १०००० | ७५४८ | ७५.४८ |
| परीक्षण शुल्क | २६००० | २५४०० | ९७.६९ |
| अन्य प्रशाससनीक शुल्क | ५८००० | ५७७५६ | ९९.५८ |
| नक्सापास दस्तुर | ० | ० | ०.०० |
| सिफारिस दस्तुर | २६४००० | ३६७५६६ | १३९.२३ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | २२३३८० | १११.६९ |
| नाता प्रमाणीत दस्तुर | ४०००० | २६७०० | ६६.७५ |
| व्यवसाय रजिष्ट्रसन दस्तुर | ४०००० | ३१८०० | ७९.५० |
| व्यवसाय कर | ३५००० | ३९०७६ | १११.६५ |
| बेरुजू | ४००००० | ५५३९५१ | १३८.४९ |
| जम्मा | १८१३००० | २०९८६१० | ११५.७५ |

उपरोक्त विवरण अनुसार पालिकाले गरेको अनुमानको तुलनामा १५ प्रतिशत बढी राजस्व आम्दानी भएको देखिन्छ । पालिकाले आय अनुमान गरेको उपरोक्त अनुसार ५ शीर्षकमा अनुमान भन्दा बढी आम्दानी देखिएको छ भने सम्पत्ती कर, कृषिमा लाग्न कर तथा नक्सा पास लागयतमा अनुमान तथा आम्दानी शुन्य रहेको छ । तसर्थ पालिकाले स्थानीय सरकार संचालन ऐनमा उल्लेख भए अनुसार आयको दायरा विस्तार गर्दै असुली प्रकृया प्रभावकारी वनाई राजस्व संकलन वढाउनु पर्दछ।

११ **ठेक्कागत अभिलेख खाता**

निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता, म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत तथा म ले प फा नं ५०३ बमोजिमको स्वीकृत ढाँचाको नापी किताब राख्नु पर्ने व्यवस्था छ ।साथै सरकारी कागजात धुल्याउने नियमावली, २०२७ को अनुसूची ५ को बुदा नं. ३ बमोजिम यसरी तयार गरिएको नापी किताब म.ले.प.फा.नं. ५१२ बमोजिम नियन्त्रण खातामा उल्लेख गरि कार्यसम्पन्न भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने व्यबस्था छ ।गाँउपालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो।उपरोक्त कानुनमा भएको व्यबस्था पालना गर्न कार्यालयले ध्यान दिन जरुरी देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| १२ | | | **आर्थिक सहायता** | |
| १२.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस वर्ष आर्थिक सहायतामा रु.१८ लाख बजेट रहेकोमा पुजिगततर्फबाट विभिन्न ९६ गोश्वरा भौचरबाट व्यक्ति, फर्म तथा संस्थालाई रु.१७४८६३५ आर्थिक सहायता तथा राहात वितरण गरेको पाइयो । पालिकाको वर्ष कुल आन्तरिक आय रु.२०९८६१० रहेकोमा आर्थिक सहायतामा मात्र रु.१७४८६३५ खर्च गरेकोले कुल असूल भएको आन्तरिकको तुलनामा ८३ प्रतिशत खर्च गरेको छ । पालिकाको आन्तरिक आय न्युन रहेकोमा यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १२.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा यस पालिकाले विभिन्न प्रयोजनको लागि यो वर्ष निम्नानुसार राजनैतिक सम्बद्ध संस्था, व्यक्ति एवं अन्य संघ संस्थालाई रु ७९९३९०। आर्थिक सहायता वितरण गरेकोले अनियमित देखिएको रु | ७९९,३९० |

| सि न | सस्थाको नाम | रकम |
|---|---|---|
| १ | नेपाल पत्रकार महासंघ | ६५०००० |
| २ | गैर सरकारी संस्था महासंघ | २५००० |
| ३ | ने क पा एमाले पर्वत काठमाडौं सम्पर्क मन्च | १५००० |
| ४ | कर्मचारी मिलन केन्द्र पर्वत | २०००० |
| ५ | रिशिकेश मिडिया प्रा लि | ४०००० |
| ६ | न्यू हिमचुली स्टेशनरी | १९७०० |
| ७ | आगत मिडिया प्रा लि | १४६९० |
| ८ | नेपाल प्रेश युनियन | १५००० |
| **जम्मा** | | **७९९३९०** |

| | | | | |
|---|---|---|---|---|
| १३ | | | **सामाजिक परीक्षण तथा लेखापरीक्षण**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं.२.७.१३.१ | |

| | | | | |
|---|---|---|---|---|
| | | | मा सामाजिक परीक्षण तथा लेखापरीक्षणको लागि अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष ९ माध्यामिक विद्यालयलाई रु.१५ हजारका दरले र २१ आधारभुत विद्यालयलाई रु.१० हजारका दरले रु.३४५००० निकासा दिएको छ । तर विद्यालयबट सामाजिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको देखिएन । तसर्थ सामाजिक परीक्षण प्रतिवेदन पशे हुनुपर्दछ । रु | |
| १४ | | | **वडाको अवण्डा**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ अनुसार योजना तथा कार्यक्रम निर्माण गरी दफा ७१ अनुसार पेश तथा पारित गरी दफा ७३ अनुसार खर्च गर्नुपर्दछ । साथै दफा ७९ अनुसार पुजिगत शिर्षकमा मात्र रकमान्तर गर्न पाउने व्यवस्था रहेको छ । जसअनुसार पालिका तथा वडाले सभाबाट बिनियोजन नभएको शिर्षक, योजना तथा कार्यक्रममा वडाबाट रकमान्तर गरी खर्च गर्न पाउने देखिदैन । पालिकाले यस वर्ष वार्षिक योजना तथा कार्यक्रममा समावेश भैपरीआउने तथा साना योजना भनी देहाय अनुसार एकमुष्ट बजेट विनियोजन गरेको छ । उक्त बजेट खर्च गर्दा खर्च गर्नुको कारणउललेख गरी कार्यापालिकाबाट निर्णय गर्ने तथा सोको विस्तृत विवरण सभामा पेश गरी सभाबाट खर्च समर्थन गर्नुपर्नेमा पालिकाले सो गरेको देखएन । वडाका लागि विनियोजन भएको देहाय अनुसार बजेट खर्च गर्दा वडा समितिको निर्णय समेत नरहेको तथा वडा अध्यक्षको सिफारिको आधारमा पालिकाबाट खर्च लेखेको देखिन्छ । तसर्थ वडा समितिको निर्णय वेगर अध्यक्षले सिफारिस मात्र गरेको आधारमा कार्यपालिकामा समेत पेश नगरी खर्च गरेको नियम सम्मत देखिएन । तसर्थ विनियोजन नभएको योजनामा खर्च भएको रकमको योजनागत तथा कार्यक्रमगत शिर्षक खुलाई सोको सभाबाट भएको खर्च सर्मथन पेश हुनुपर्दछ । रु | ३,१३९,<br>६८७ |

| वडा नं १ | बिनियोजित बजेट | खर्च भएको योजना तथा कार्यक्रम संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | ५००००० | १२ | ४९८५९० |
| २ | ५००००० | १३ | ४८५२३२ |
| ३ | ५००००० | १५ | ४९९५२० |
| ४ | ७६७६४८ | २७ | ७६२६७४ |
| ५ | ५००००० | १६ | ५००००० |
| ६ | ४००००० | २३ | ३९३६७१ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>३१६७६४८</td><td>१०६</td><td>३१३९६८७</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>१५</td>
<td></td>
<td></td>
<td>
आन्तरिक लेखापरीक्षण<br><br>
स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिका यस वर्षको खर्च तथा आम्दानीका कारोबारहरुको आन्तरिक लेखापरीक्षण भएको छैन । पालिकाबाट आन्तरिक लेखापरीक्षकमा एक जना पदपुर्ती भई आएको सरुवा भई जान सहमित दिएकोमा निजको सरुवा भएकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालय प्रमुखको भनाई रहेको छ । पालिकाले आन्तरिक लेखापरीक्षण नगरेको कारण पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी छ भन्न सकिने अवसथा रहेन । तसर्थ पालिकाले तोकीएको समय भित्र आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>१६</td>
<td></td>
<td></td>
<td>
सोझै खरिद<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाख(मिति २०७८ चैत्र पश्चात रु.१० लाख) सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सोझै खरिद तथा सो भन्दा बढीको सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । तसर्थ पालिकाले कार्यसंचालनका लागि आवश्यक पर्ने सामानहरुको पूर्वानुमान खरिद प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नेत्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><td>भौचर</td><td>सप्लायर्स</td><td>वापत</td><td>विल मिति</td><td>रकम</td></tr>
<tr><td>५७०</td><td>जिके मिलिजुली सप्लायर्स</td><td>सोलर व्याकप सप्लाई तथा जडान</td><td>२०७९।०३।२१</td><td>९९०८६०</td></tr>
<tr><td>५१४</td><td>एक्सन एक्टिभ ईनर्जि प्रालि</td><td>व्यट्री, व्याकप तथा ईन्भरटर</td><td>२०७९।०३।१३</td><td>९८५३६०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१९७६२२०</td></tr>
</table>
</td>
<td>१,९७६,२२०</td>
</tr>
</table>

<table>
<tr>
<td>१७</td>
<td></td>
<td></td>
<td>

**पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्छ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार देहाय अनुसार पेश्की रकम २०७८।७९ को आर्थिक वर्षको अन्तसम्ममा देहाय अनुसार पेश्की बाँकी रहेको देखिन्छ । उक्त बाँकी पेश्की रकम तोकिए बमोजिम फर्छ्यौट हुनुपर्ने देखिएको रु.

<table>
<tr><th>पेश्की मिति</th><th>पेश्की लिनेको नाम</th><th>वापत</th><th>म्याद ननाघेको रकम</th><th>म्याद नाघेको पेश्की</th></tr>
<tr><td>गत वर्ष</td><td>शिवालय निर्माण सेवा</td><td>वडा भवन निर्माण</td><td>१०३००००</td><td></td></tr>
<tr><td>गत वर्ष</td><td>सातविसे कन्ट्रक्सन प्रालि</td><td>वडा भवन निर्माण</td><td>६३३५९३</td><td></td></tr>
<tr><td>गत वर्ष</td><td>विमल चौतारी</td><td>योजना तथा मर्मत</td><td>३५०००</td><td></td></tr>
<tr><td>गत वर्ष</td><td>चन्द्र माध्यामिक विद्यालय</td><td>राष्ट्रपति शैक्षिक सुधार</td><td>१८०००००</td><td></td></tr>
<tr><td>२०७८।०९।०६</td><td>समाज सुधार सामुदायिक अध्यान केन्द्र</td><td>विविध तथा भैपरी</td><td>०</td><td>१५००००</td></tr>
<tr><td>२०७८।०८।२८</td><td>शहिद पार्क निर्माण उपभोक्ता समिति</td><td>शालिग्रिम सहिद पार्क निर्माण</td><td>०</td><td>१०६२५०</td></tr>
</table>

</td>
<td>३५६,२५०</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२०७९।०२।२३</td><td>ज्याउदी खानेपानी उपभोक्ता समिति</td><td>जैदीखोला खानेपानी निर्माण</td><td>०</td><td>१०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३४९८५९३</td><td>३५६२५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>योजना तथा कार्यक्रम प्रथामीकीकरण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>वार्षिक कार्यक्रममा समावेश नभएका योजना<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ अनुसार योजना तथा कार्यक्रम निर्माण गरी दफा ७१ अनुसार पेश तथा पारित गरी दफा ७३ अनुसार खर्च गर्नुपर्दछ । जसअनुसार पालिकाको सभाबाट बिनियोजन नभएको शिर्षक, योजना तथा कार्यक्रममा बजेट खर्च गर्न पाउने देखिदैन । पालिकाले यस वर्ष वार्षिक योजना तथा कार्यक्रममा समावेश नभएको देहायका योजनाहरुमा निम्मनाुसार बजेट खर्च गरेको छ । सभाले विनियोजन नगरेको योजनामा पालिका प्रमुखको तोक आदेशबाट खर्च गरेको कानुन सम्मत देखिएन । तसर्थ विनियोजन नभएको योजनामा खर्च भएको रकमको खर्च सम्र्थन पेश हुनुपर्दछ । रु<table>
<tr><td>भौन र मिति</td><td>योजनाको नाम</td><td>खर्च रकम</td></tr>
<tr><td>५७२।०७९।०३।२४</td><td>टकलक खोरपोखरा रेलिङ्ग बाटो निर्माण समिति</td><td>३०००००</td></tr>
</table></td><td>८८०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५६९।०७९।०३।२४</td><td>साविकको वडा नं ९ सामुदायिक भवन निर्माण</td><td>४५००००</td></tr>
<tr><td>५०६।०७९।०३।१३</td><td>शालिग्राम माध्यमिक विद्यालय फर्निचर खरिद</td><td>१३००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८८००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>चौमासिक खर्च<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष पुजिगतर्फ रु.१३४५१९५४० खर्च गरेको छ । जसमध्ये प्रथम चौमासिकमा रु.४१३४४७० अर्थात कुल खर्चको तुलनामा ३.०७ प्रतिशत, दोस्रो चौमासिकमा रु.३४४५२४०२ अर्थात कुल खर्चको तुलनामा २५.६१ प्रतिशत र तेस्रो चौमासिकमा रु.९५९३२६६८ अर्थात कुल बजेट खर्चको ७१.३२ प्रतिशत खर्च गरेको छ । जसमध्ये असार महिनामा मात्र रु.५७७५६३३८ अर्थात कुल खर्चको तुलनामा ४२.९४ प्रतिशत खर्च गरेको छ । जसअनुसार पालिकाले कुल खर्च दुई तिहाई भन्दा बढी खर्च तेस्रो चौमासिकमा तथा एक तिहाई भन्दा बढी खर्च आषाढमा मात्र गरेको देखिन्छ । आर्थिक वर्षको अन्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । साथै नियमावलीको व्यवस्था अनुसार पालिकाले त्रैमासिक लक्ष्य सहितको कार्यक्रम स्वीकृत गरी अख्तियारी दिने र सोही अनुसार खर्च र प्रगति विवरण विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>पूँजीगत शीर्षकबाट चालु खर्च<br><br>पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका देहायअनुसारका कार्यहरुमा समेत पालिकाले पूँजीगत शीर्षकबाट खर्च लेखेको पाईयो । यसमा नियन्त्रण हुनुपर्दछ ।<table>
<tr><td>भौचर नं</td><td>खर्चको विवरण</td><td>रकम</td></tr>
</table></td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ५०८ | वडा नं ३ का जनप्रतिनिधिलाई विदाई तथा स्वागत | ६३७९० |
| ३२४ | वडा नं ४ वहाकी ठाटी खेलकुद अन्तरगत भलविल प्रतियोगिताको विविध खर्च | १३०३०० |
| २७९ | वडा अध्यक्षको सिफारिसमा बाख्राले ४ वटा पाठा पाएको प्रोसाहन रकम | ६००० |
| २६० | बाख्राले चारवटा पाठा पाएकोमा प्रोत्साहन | ६००० |
| २४६ | माझी वस्तीमा बाख्रा वितरण अन्तरगत नगद वितरण | १३०००० |
| २३७ | नेपाल राष्ट्रिय शिक्षक संघ अधिवेशसनका लागि आर्थिक सहयोग | ३५००० |
| २३६ | बाख्राले ५ वटा पाठा पाएकोमा प्रोत्साहन | ८००० |
| २२२ | प्रगतिशिल आमा समुहलाई सामाग्री खरिद सयोग | ७०००० |
| १६७ | घर जोखिममा रहेकालाई आर्थिक सहयोग अन्तरगत नगद वितरण | १३९९०० |
| १३६ | प्रेस चौतारी नेपाल पर्वत शखालाई आर्थिक सहयोग | ५०००० |
| १३२ | पाडापाँडी संरक्षण कार्यक्रम अन्तरगत नगद वितरण | ३३०००० |
| ११२ | पर्वत स्पोर्ट हाउस व्यवस्थापन | ४५००० |
| १०७ | वडा नं १ भिलवल खेलको विविध खर्च | ५०००० |
| ८९ | विपिन पौडेललाई छात्रवृत्ती रकम | ५०००० |
| ७५ | पहिरवबाट जोखिमलाई नगद वितरण | १४०१०० |
| ६२ | वहाकी ठाटी खेलकुद विकास समितिलाई सहयोग | २३०००० |
| ४०२ | वडा समितिको निर्णय अनुसार ४२ जनालाई आर्थिक सहायता | २०८००० |
| ३९८ | सामुदायिक प्रशारक संघ नेपालालाई आर्थिक सहयोग | १५००० |
| ५७८ | गाउँ संचार रेडिइवलाई सामाग्री खरिद सहायता | ४४००० |
| | जम्मा | १७५१०९० |

| | | | | |
|---|---|---|---|---|
| २२ | | | **जिन्सी असुली**<br><br>गाउँपालिकाका निवर्तमान वडा नं २ का वडाध्यक्ष श्री ओम प्रकाश कुँवर र वडा नं ६ का वडाध्यक्ष श्री टेक बहादुर थापाले लिएको मोबाइल लेखापरीक्षण अवधि मिति २०७९।५।१३ सम्म पनि फिर्ता गरेको पाइएन। लेखापरीक्षणको क्रममा निजहरुले फिर्ता नगरेको मोबाईलको स्पेशिफेिकिशन तथा मुल्यको विवरण माग गर्दा सोको अभिलेख प्राप्त हुन सकेन । साथै लेखापरीक्षण गर्दा प्राप्त जानकारि अनुसार निजहरुले करिब रु.२५ हजार पर्ने मोबाईल लिएको देखिन्छ । निर्वाचन आचारसंहिता अनुसार निजहरुले मोबाइल फिर्ता नगरेको तथा पदावधि सकिएको करिव ६ महिना सम्म पनि फिर्ता नगरेकोले मोबाइलको स्पेशिफिकेशन सहित मुल्य एकीन गरि असुल गर्नुपर्ने रु | ५०,००० |
| २३ | | | **निजी विद्यालयको अनुगमन**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले पालिका भित्र रहेका ३० सामुदायिक विद्यालयको व्यवस्थापनको कार्य गर्ने गरेकोमा पालिका क्षेत्र भित्र रहेका निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । साथै निजी विद्यालयको शुल्क निर्धारण तथा सोको अनुगमन समेत पालिकाबाट भएको देखिएन । जसबाट निजी विद्यालयको शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अवस्था वारे जानकारी प्राप्त गर्न सकिएन । तसर्थ पालिका कानुनमा तोकीए अनुसार निजी विद्यालयको व्यवस्थापन तथा मुल्यांकन मापदण्ड निर्धारण गर्ने र शुल्क निर्धारण गर्ने कार्य गर्नुपर्दछ । | |
| २४ | | | **पदाधिकारी इन्धन**<br><br>गण्डकी प्रदेश सरकारको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा अन्तर्गत गाउँ पालिकाका अध्यक्ष तथा उपाध्यक्षले मासिक ९० लिटरका दरले ईन्धन सुविधा पाउने व्यवस्था छ । जस अनुसार मासिक १८० लिटरको बार्षिक औसत मूल्य रु ३८८८०० हुन आउँछ । यस बर्ष पालिकाले पदाधिकारीको ईन्धन खर्चमा रु ६००००० खर्च गरेकोले रु २११२०० तोकिएको भन्दा बढी खर्च भएको छ । सवारी भाडामा समेत रु ३९२००० खर्च भएको देखिन्छ । अत यस्ता खर्चमा पालिकाले मितव्ययिता अपनाउनु पर्दछ । | |
| २५ | | | **वितरणमुखी कार्यक्रम**<br><br>गाउँपालिकाले गरिबी निवारण कार्यक्रम अन्तर्गत अति विपन्न घर परिवारको आर्थिक स्तर उन्नतिका लागि बाख्रा खरीद, बाख्राको खोर व्यवस्थापन र गरीब तथा | |

<table>
<tr><td></td><td></td><td></td><td>जेहेन्दार बिद्यार्थीलाई छात्रवृत्ति वितरण जस्ता वितरणमुखी कार्यक्रमहरु सन्चालन गरेको देखियो । वडा कार्यालयको सिफारिशको आधारमा निम्नानुसार रकम वितरण गरेको देखिन्छ ।
<table>
<tr><td>सि न</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>बाख्रा खरीद प्रति व्यक्ति ८००० को दरले ८० जना</td><td>६४००००</td></tr>
<tr><td>२</td><td>खोर व्यवस्थापन प्रति व्यक्ति ८००० को दरले २० जना</td><td>१६००००</td></tr>
<tr><td>३</td><td>विभिन्न ७ जना विद्यार्थी</td><td>२०००००</td></tr>
</table>
तसर्थ अति साना र वितरणमुखी कार्यक्रम भन्दा ठूला र दीर्घकालिन रोजगारी सृजना गरी जीवनस्तर उकास्न सहयोग पुर्याउने कार्यक्रमहरु सन्चालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>करार कर्मचारीको पारिश्रमिक<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले करारमा कर्मचारी राखि राखी रु..४३७४९५७. खर्च लेखेको छ । पालिकाको आन्तरिक श्रोत रु.२०९८६१० मात्र रहेको पालिकामा भएको कुल करार कर्मचारीको तलबमा मात्र आयको तुलनामा २०८ प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>अनुदान वितरण<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले अनुगमन शीर्षकमा ५ लाख ५८ हजार र भ्रमण खर्चमा १३ लाख ५० हजार गरी जम्मा रु १९ लाख ८ हजार खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २८ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविध खर्चमा रु.२२६२५४० र सभासंचालनमा रु.५५०००० समेत गरी रु.२७१२५४० खर्च गरेको छ । पालिकाको कुल आन्तरिक आय रु.२०९८६१० रहेको अवस्थामा आन्तरिक आयको तुलनामा विविध तथा सभा संचालनमा मात्र १३० प्रतिशत खर्च गरेको छ । जसबाट पालिकाले आन्तरिक आयको परिधिमा रहि विविध खर्च गर्नुपर्नेमा सो गरेको देखिएन । तसर्थ पालिकाले विविध तथा सभा संचालन खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| २९ | | | **नगद मौन्दात**<br><br>कार्यालयले पेश गरेको बैक विवरण अनुसार वडा नं. ६ शालिग्रामले आर्थिक वर्ष समाप्त भए पश्चात मात्र असूल भएको आन्तरिक आय रु.८०३५५ पालिका संचितकोषमा दाखिला गरेकोले उक्त रकम यस वर्षको आर्थिक विवरणमा नगद मौज्दात राखिएको छ । उक्त रकम आम्दानीमा समावेश गर्दा पालिकाको यस वर्षको अन्तमा रु. ८१५९५२५९.७७ रहेको छ । सोही अनुसार हिसाब मिलान तयार गरी हिसाब समायोजन हुनुपर्दछ । | |
| ३० | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• पालिकाले कार्यक्रमगत खाता राखेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको योजना तयार गरेको पाईएन।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको कार्यक्रमगत तथा एकीकृत प्रगति तयार गरेको पाईएन।<br>• कन्टिन्जेन्सी खर्चको अभिलेख खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई हस्तान्तरण नहुने कार्यालय भवन तथा स्वास्थ्य संस्था लगायतका सरकारी संरचना उपभोक्ता समितिबाट गराएको पाईयो।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• उप प्रमुखको संयोजकत्वमा गठीत योजना अनुगमन समितिले निर्माण कार्य गर्दा लागत अनुमान अनुसार भए नभएको, आगामी दिनमा गर्नुपर्ने सुझाव सहितको विषय प्रतिवेदनमा समावेश गर्ने गरको पाईएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार जिन्सी निरीक्षण गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क अनुसार इ टी डि एस नगरेको पाइयो।<br>• रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर सहितको तेरिज बनाई कार्यालय प्रमुख तथा निजले तोकेको कर्मचारीबाट प्रमाणीत तथा भुक्तानी भएको छाप लागाउने गरेको पाईएन ।<br>• ईन्धन, भ्रमण, बैठक, खाजा खाना, अनुगमन भत्ता तथा विविध खर्च बढी हुने कार्यक्रम तयार गरी संचालन भएको पाईयो ।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३१ | | | **रसिद ठेलीको प्रयोग र फिर्ता**<br><br>पालिकाबाट छपाई भई विभिन्न शाखा तथा वडा कार्यालयमा बुझाईएका नगदि रसिद तथा मालपोत ठेलीहरु जारी भई सके पश्चात सोबाट स्कलन भएको रकमको बैक दाखिला भौचर सहित अर्धकट्टी पालिकामा फिर्ता हुनुपर्दछ लेखापरीक्षणको क्रममा वडाबाट प्रयोग भएका नगदी तथा मालपोत रसिदहरु समयमा पालिकामा नबुझाउने तथा रकम दाखिको भौचरमात्र पालिका पेश हुने गरेकोले असूल भएको तथा बैक दाखिला भएको रकम भिडान गर्न सकिएन । पालिकाका वडाहरुबाट आर्थिक वर्ष समाप्त भए पश्चात मात्र रसिद ठेलीहरु फिर्ता भएकोले पालिका स्वयमले असूल तथा दाखिला भएको रकम भिडान गरी फरक परे नपरेको सम्बन्धमा यकिन गरेको देखिएन । साथै वडा नं २ ले लेखापरीक्षण समपन्न भए पश्चात नगदी तर्फ ७५१ देखि १२५० सम्मका १०, २५०१ देखि २५५० सम्मको १, २८०१ देखि ३२०० सम्मको ८ ठेली नगदी रसिद तथा ५०१ देखि ८५० सम्मको ७, १८०१ देखि १८५० सम्मको १ र २०५१ देखि २४०० सम्मको ५ मालपोत ठेली पालिकामा फिर्ता गरेको छ । तसर्थ पालिकाले वडा कार्यालयलाई बुझाईएको तथा वडाबाट फिर्ता भएको रसिद ठेली भिडान गरी असूल र बैक दाखिला रकम भिडान भए नभएको यकिन गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **हर्जना**<br><br>स्थानीय तहको आर्थिक ऐन वा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने व्यवस्था छ । पालिकाको वडा नं ६ शालसग्रिमले आर्थिक वर्ष भरी असूल भएको राजस्व रकम रु. २२८५०० मध्ये रु.८९३५५ मिति २०७९ श्रवणमा मात्र बैक दाखिला गरेको छ । पालिकाले ऐनमा तोकीए अनुसार समयमा दाखिला नगरेको १० प्रतिशतले लाग्ने जरीवाना लगाएको देखिएन । तसर्थ समयमा राजस्व दाखिला नगर्ने वडाका पदाधिकारी तथा कर्मचारीबाट नियमानूसार १० प्रतिशतले लाग्ने जरिवाना रु.८९३६ असूल हुनुपर्दछ । रु | ८,९३६ |
| ३३ | | | **सम्पत्ती कर**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ मा एकीकृत सम्पत्ती कर तथा घर जग्गा कर सम्बन्धी व्यवस्था गरेको छ । तर यस पालिकाले लेखापरीक्षण अविधि सम्म एकीकृत सम्पत्ती तथा घर जग्गा कर सम्बन्धि कानून निर्माण नगरेको र उक्त शिर्षकमा राजस्व अनुमान समेत गरेको देखिएन । जसअनुसार पालिका गठन भएको अवधि देखि हाल सम्म उक्त कर रकम असूल हुन सकेको देखिएन । तसर्थ पालिकाले कानुनमा व्यवस्था भए अनुसार सम्पत्ती करको दर निर्धारण गरी हाल सम्मको असूल हुन बाँकी रहेको समपत्ती करको लगत रााखि आय संकलनमा वृद्धी गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३४ | | | **नक्सा पास**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४३ मा पालिका क्षेत्रभित्र निर्माण हुने भवन संरचनाहरु निर्माण गर्दा राष्ट्रीय भवन संहिता पालना भए नभएको सम्बन्धमा राष्ट्रीय भवन संहिताको अधिनमा रहि मापदण्ड निर्धारण गरी नक्सा पास गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले लेखापरीक्षण अविधि सम्म सो सम्बन्धी कुनै कार्य गरेको देखिएन । साथै पालिकाले रु.३०३५५८०० को लागतमा निर्माण गरेको पालिका भवनको समेत हाल सम्म नक्सा पास गरेको देखिएन । तसर्थ पालिका राष्ट्रिय भवन संहिता अनुसार मात्र भवन निर्माण स्वीकृति दिने गरी मापदण्ड निर्धार गर्ने तथा नक्सा पास कार्य पश्चातमा मात्र पालिका क्षेत्र भित्र भवन निर्माण गर्न पाउने व्यवस्थाको पलना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३५ | | | **दैनीक तथा शिर्षकगत खाता** | |

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले स्वीकृत म.ले.प.फा. नं. अनुसार राजश्व आम्दानी तर्फ दैनिक, शिर्षकगत तथा गोस्वारा खाता राख्नुपर्दछ । पालिका यस वर्ष राजश्व आम्दानी तर्फ दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), प्राप्त सवै राजश्वको गोस्वारा भौचर (म.ले.प.फा. नं. १०३), राजस्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा. नं. १०४), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा. नं. हरु नराखेकोले राजश्वको लेखापरीक्षणबाट प्राप्त हुनुपर्ने सवै राजस्व प्राप्त गरेको र प्राप्त सवै राजस्व वैङ्क दाखिला गरेको एकिन गर्न सकिएन । आम्दानी जस्तो सम्वेदनशील विषयमा गम्भिर भई अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखालाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>धरौटी जफात<br><br>पालिका क्षेत्र भित्र रहेका भिन्न ५ स्थान लागि ढुंगा, गिट्टी, बालुवाको बिक्री तथा संकलन गर्न सकिने भनी बजेट अनुमानमा समावेश गरे अनुसार सूचना प्रकाशन गरेको र तर उक्त स्थानबाट ढुंगा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थ संकलन र बिक्रिको लागी ठेक्का व्यवस्थाापन गरेकोमा देहाय अनुसार निर्माण व्यवसयाि छनौट भएकोमा सम्झौता गर्न आएको देखिएन । उक्त निर्माण व्यवसायिले धरौटी वापत नगद रकम पालिकाको धरौटी खातामा जम्मा गरेको सम्झौता गर्न नआएको खण्डमा उक्त रकम जफत गर्नुपर्नेमा पालिकाले जफत गरी संचित कोष दाखिला गरेको देखिएन । तसर्थ देहाय अनुसारको धरौटी रकम जफत गरी पालिका सचितकोष दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।
<table>
<tr><td>ठे.नं.</td><td>कबोल कर्ता</td><td>स्थान</td><td>धरौटी</td></tr>
<tr><td>१</td><td>एलिस निर्माण सेवा</td><td>गाईथुने वगर</td><td>११६७५</td></tr>
<tr><td>२</td><td>एलिस निर्माण सेवा</td><td>दुर्लाङ्ग बगर</td><td>२०८५५</td></tr>
<tr><td>६</td><td>सायद कन्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग</td><td>जिलिङ्ग बगर</td><td>१२६५०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४५१८०</td></tr>
</table></td><td>४५,१८०</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>सम्झौता नभएको<br><br>पालिकाले स्वीकृत गरेको प्रारम्भीक आई.ई.ई. प्रतिवेदन तथा साभाले निर्धारण गरेको रकम अनुसार पालिकाले ढुंगा, गिट्टी, बालुवा संकलन तथा बिक्रीका लागि पालिका क्षेत्रभित्र रहेका विभिन्न नदी तथा खोल्सी लाई ५ समुहमा विभाजन गरी</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सुचना प्रकाशन गरेको छ । जसअनुसार कार्यालयमा पेश भएका दरभाउपत्र मध्ये मिति २०७८।०८।१५ मा सबैभन्दा बढी कबोल गर्ने ५ निर्माण व्यवसायि छनौट गरी कार्यपालिकाबाट स्वीकृत गरेको देखिन्छ । तर काली गण्डकी नदीको प्राकृतीक बहाब र पर्यावरण प्रतिकुल हुने गरी नदी जन्य पदार्थ शालिग्राम चोरी निकाशी तथा विनाश गर्ने कार्य भएको भनी उक्त कार्यलाई रोक्न भनी प्रकाश मणी शर्माले नदी क्षेत्र पर्ने पालिका, जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाई मिति २०७८।०३।२९ मा सम्मानीत सर्वोच्च अदालतमा ६-२०७७-wo-१२५६ नम्बरको रिट दार्ता गरेको देखिन्छ । उक्त रिट उपर सम्मानीत अदालतबाट मिति २०७८।०३।३० मा अन्तरिम आदेश भएकोमा पालिकाबाट उक्त आय ठेक्कका लागि छनौट भएका निर्माण व्यवसायिसँग सम्झौता हुन सकेको देखिएन । उक्त रिट तथा अन्तरिम आदेशमा कालीगण्डकीलनदी क्षेत्रका पालिकालाई विपक्षि बनाईएकोमा उक्त विपक्षिमा यस पालिकाको नाम नरहेको तथा ढुंगा, गिट्टी, बालुवाको अवैध चोरी निकासी रोक्न पालिकाबाट सम्मानीत सर्वोच्च अदालतको अन्तरिम आदेश प्रतिकुल नहुने गरि छनौट भएका निर्माण व्यवसायिसँग सम्झौता गर्ने भनी मिति २०७८।०७।३० मा निर्णय भए अनुसार छनौट भएका निर्माण व्यवसायीलाई सम्झौताको लागि पत्राचार भएकोमा निम्न ३ स्थानको लागि आय ठेक्का सम्झौताभएको छंन । तर सो पश्चात कबोल कर्ताले उक्त उत्तखन्न गर्ने स्थानमा बाटो नभएको भनी पालिका ढुंगा, गिट्टी, बालुवा संकलन तथा निकासी नगर्ने भनी मौखिक व्यहोरा उल्लेख गरे अनुसार पालिकाबाट सम्झौता भएको देखिएन ।
<table>
<tr><td>ठे.नं.</td><td>कबोल कर्ता</td><td>स्थान</td><td>रकम</td></tr>
<tr><td>१</td><td>एलिस निर्माण सेवा</td><td>गाईथुने वगर</td><td>२६३८५५</td></tr>
<tr><td>२</td><td>एलिस निर्माण सेवा</td><td>दुर्लाङ्ग बगर</td><td>४७१३२३</td></tr>
<tr><td>६</td><td>सायद कन्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग</td><td>जिलिङ्ग बगर</td><td>२८६०६०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१०२१२३८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>प्राकृति श्रोतको संकलन तथा बिक्री<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सँकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सँकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनु पर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>अनुत्पादक खर्च<br><br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्दछ । लेखापरीक्षणमा गरिएको नमुना परीक्षणमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नुपर्दछ ।
<table>
<tr><td>सिन</td><td>भुक्तानी पाउने सस्थाको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१</td><td>सेतीवेणी प्रहरी चौकी</td><td>मौलो पुजा</td><td>८०००</td></tr>
<tr><td>२</td><td>ईलाका प्रहरी कार्यालय हुवास</td><td>बडा दशैको बडा भोज</td><td>१९२५०</td></tr>
<tr><td>३</td><td>पस्यार दलित पन्चे बाजा उपभोक्ता समूह</td><td>बाजा खरीद</td><td>१०००००</td></tr>
<tr><td>४</td><td>चर्काङ सहनशिल आमा समूह</td><td>साडी ब्लाउज खरीद</td><td>३६६००</td></tr>
<tr><td>५</td><td>सफल महिला बचत तथा रिण सहकारी संस्था</td><td>नारी दिवस मनाउन</td><td>१५०००</td></tr>
<tr><td>६</td><td>महिला सन्जाल उराम</td><td>नारी दिवस मनाउन</td><td>१५०००</td></tr>
<tr><td>७</td><td>शालिग्राम पन्चे बाजा समूह</td><td>बाजा खरीद</td><td>१५००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>८</td><td>वर्राचौर महिला बचत तथा रिण सहकारी संस्था</td><td>नारी दिवस मनाउन</td><td>१५०००</td></tr>
<tr><td>९</td><td>मठ मन्दिर पुजा व्यवस्थापन</td><td>पुजा सामाग्री खरीद</td><td>५००००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४०</td>
<td></td>
<td></td>
<td>
सोझै खरिद<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद गर्दा सोझै गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको छ । सवारी मर्मत कार्य पूर्वअनुमानत गर्न नसकिने भएकोले बोलपत्र बाट खरिद गर्न नसकिएको तथा समय अभाव र स्वीकृत वार्षिक कार्यक्रम अनुसार खरिद गरिएको पालिकाको भनाई रहेको छ । अतः खरिद कार्यलाई प्रतिस्पिध तथा मितब्ययि बनाउनु पर्दछ ।
<table>
<tr><th>सिन</th><th>विवरण</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सवारी साधन मर्मत</td><td>हाम्रो पश्चिमान्चल अटो ईन्जिनियरिङ वर्कशप</td><td>७०३४५१</td></tr>
<tr><td>२</td><td>सवारी साधन मर्मत</td><td>बतास ब्रदर्श प्रा लि</td><td>३०८३४३</td></tr>
<tr><td>३</td><td>सवारी साधन मर्मत</td><td>यु डि आर अटो ईन्जिनियरिङ</td><td>५४१८३</td></tr>
<tr><td>४</td><td>सवारी साधन मर्मत</td><td>यु डि आर अटो ईन्जिनियरिङ</td><td>२१३०४</td></tr>
<tr><td>५</td><td>सवारी साधन मर्मत</td><td>बतास ब्रदर्श प्रा लि</td><td>४७७९१</td></tr>
<tr><td>६</td><td>सवारी साधन मर्मत</td><td>हाम्रो पश्चिमान्चल अटो ईन्जिनियरिङ वर्कशप</td><td>३४९०१६</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>सवारी साधन मर्मत</td><td>हाम्रो पश्चिमान्चल अटो ईन्जिनियरिङ वर्कशप</td><td>९७५२०५</td></tr>
<tr><td>८</td><td>वडा कार्यालय भवनमा डिजिटल नागरिक बडापत्र खरीद</td><td>फोर जि ईन्जिनियरीङ सोलुसन प्रा लि</td><td>४९८३३०</td></tr>
<tr><td>९</td><td>राजस्व सफ्टवेयर जडान</td><td>नेटवर्क एशोसिएट्स प्रा लि</td><td>४९७२००</td></tr>
<tr><td>१०</td><td>बिद्युतिय डिजिटल बोर्ड खरीद</td><td></td><td>३०४६४८</td></tr>
<tr><td>११</td><td>गाउँपालिका भवनमा सि सि टि भी जडान</td><td>केलिना ईन्टरनेशनल</td><td>४९३६३९</td></tr>
<tr><td>१२</td><td>प्रशासनिक भवनमा डिजिटल नागरिक बडापत्र जडान</td><td>क्रिप्टी ईनोभेशन टेक्नोलोजी</td><td>४७१८२५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>४७२४९३५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>फिल्ड भत्ता<br><br>नेपाल सरकारबाट जारी भएको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को बुँदा नम्बर ६ मा सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरुलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च महंगी भत्ता र स्थानीय भत्ता बाहेकका अन्य कुनैपनि प्रकारका विशेष भत्ता प्रदान गर्न नमिल्ने उल्लेख छ । पालिकामा कार्यरत ७ जना प्राविधिकहरुलाई कार्यपालिकाबाट निर्णय गरी मासिक तलब स्केलको ३० प्रतिशतको दरले जम्मा रु ८००१९७ फिल्ड भत्ता भुक्तानी गरेको छ । अत मापदण्ड विपरित खर्च भएको रकमलाई नियमित मान्न सकिएन ।</td><td>८००,१९७</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । यस पालिकाले कानून नबनाई यो बर्ष गाउँसभामा अतिरिक्त समय काम गरेको तथा कोभिडको समयमा भएको लकडाउनमा कार्यालयमा उपस्थित भई काम गरेको कारण जनाइ</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यपालिकाबाट निर्णय गरी विभिन्न कर्मचारीहरुलाई निम्नानुसार रु १५६७६४७ प्रोत्साहन भत्ता खर्च गरेको छ । संघीय तथा प्रदेश कानुन तथा भत्ता वितरणको मापदण्ड वेगर प्रोत्साहन भत्ता वितरण गर्न मिल्ने देखिदैन । अतः पालिकाले भत्ता वितरणको सुचक तथा उक्त सूचकको आधारमा कार्य गरेको देखिने स्पष्ट अभिलेख राखि भत्ता वित्तरण कार्यलाई व्यवस्थित बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।<br><br>गोश्वारा भौचर नम्बर र मिति \| विवरण \| रकम<br>५७९।०७९।३।२३ \| कोभिडको समयमा काम गरेको \| १३८६३४२<br>६०९।०७९।३।२५ \| गाउँ सभामा अतिरिक्त समय काम गरेको \| १८१३०५<br> \| जम्मा \| १५६७६४७ | |
| ४३ | ३०९ | २०७९-३-२२ | **प्रस्तावभन्दा बढी भुक्तानी**<br><br>आयआर्जनका लागि उद्यमशीलता तथा नेतृत्व विकास तालिमको लागि अग्रगमन सामुदायिक सिकाई केन्द्रबाट रु ७५००० आर्थिक प्रस्ताव पेश गरेको पाइयो। पालिकाले उक्त केन्द्रको कम्प्यूटर तथा प्रिन्टर मर्मत वापतको रु २६२०० को विल समेत गरी जम्मा रु १००००० भूक्तानी गरेकोले केन्द्रको प्रस्तावभन्दा बढी रु २५००० असुल हुनुपर्ने रु | २५,००० |
| ४४ | ३१० | २०७९-३-२२ | **व्यक्तिगत घटना दर्ता**<br><br>व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि दर्ता शिविर संचालन गर्न मिति २०७९।१।२१ मा सफ्टवेयर हव नेपाल प्रा.लि. लाई रु ४४५२२० भुक्तानी गर्ने गरी सम्झौता गरेको पाइयो। पालिकाको ६ वटा वडामा दर्ता हुने अनुमानित संख्या ६२० भएकोमा व्यक्तिगत घटना र सामाजिक सुरक्षा दर्ता गरी जम्मा ११३ मात्र दर्ता भएको पाइयो। यसरी लागत अनुमान वेगर बजेटलाई नै आधार मानेर कार्यक्रम संचालन गर्दा अनुमान वास्तविक र यथार्थपरक भएको देखिएन। | |
| ४५ | | | **कृषक अभिलेख**<br><br>नेपाल सरकार तथा प्रदेश सरकार सम्बन्धी एकीकृत कार्यविधि २०७७ को बुदा नं.१२(२) मा प्रदेश सरकारबाट संचालन हुने कार्यक्रम संचालन गर्दा अन्य कार्यालयसँग समन्वय गर्नुपर्ने तथा १२(३) मा एकै प्रकृतिको कार्यको लागि एक बढी कार्यालयबाट अनुदान दिन नपाउने व्यवस्था गरेको छ । तर यस वर्ष संघीय | |

| | | | | |
|---|---|---|---|---|
| | | | सरकार र प्रदेश सरकारले संचालन गरेका कार्याक्रम तथा पालिकाले संचालन गरेका आयोजना, कार्यक्रम, कृयाकलापहरु अन्तर्गत गत विगत तथा यस वर्षमा कुन कुन कृषकलाई पुरै वा आंशिक शसर्त निशर्त वस्तुगत, नगद अनुदान तथा प्राबिधिक सेवा परामर्श सिपविकास तालिम दिइएको थियो सो को व्यबस्थित अभिलेख राखि कृषकगत प्रोफाइल लगत राखेको पाइएन । कृषकगत, लगत नहुंदा एकै प्रकृतिका कार्यक्रम एवं कृयाकलापहरुमा उहि व्यक्ति, संस्था तथा समुदाय दोहोरिन सक्ने र अनुदान प्रदान गर्नु पर्ने कृषकहरु सम्म उक्त कार्यक्रमको पहुंचको अवसरबाट बञ्चित हुनुपर्ने देखिन्छ । तसर्थ कृषकगत प्रेफाइल लगत अभिलेख तयार गरी राख्नु पर्दछ । | |
| ४६ | | | **औषधी खरिद**<br><br>पालिका अन्तर्गत स्वास्थ्य चौकीलाई संघीय सरकार र पालिकाबाट औषधी हस्तान्तरण हुने व्यवस्था छ। पालिकाले क्याण्डेला मेडि कन्सर्न काठमाडौंबाट रु ११०८१२०, भिमादेवी मेडिसिन सप्लायर्सबाट रु ४९८९९८ र एभरेष्ट सर्जिकल एण्ड ल्याबोरेटरी कन्सर्नबाट रु १५४३०७ गरी जम्मा रु १७६१४२५ को औषधी खरिद गरेकोमा निम्न व्यहोरा देखियो।<br>· खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको।<br>· आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको।<br>· आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ४७ | | | **शिक्षक दरबन्दी र पदपूर्ति**<br><br>पालिकाबाट प्राप्त विवरण अनुसार यस नगरपालिकाभित्र ३० सामुदायिक विद्यालय सन्चालनमा रहेका छन । ३० विद्यालयमा २१४ जना शिक्षक दरबन्दी तथा पदपुर्ति भएको छ । उक्त पदपुर्ति मध्ये १०४ जना करार र ११० जना स्थायी दरबन्दीमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यरत छन ।साथै ३० विद्यालयमा कुल २९९० जना विद्यार्थि रहेको देखिन्छ ।पालिकाले विद्यार्थीको तथा शिक्षक अनुपात मिलान हुने गरी शिक्षक दरबन्दी मिलान गरी नपुग हुने शिक्षकमात्र करारतर्फ राख्ने तथा स्थायी पदपुर्तीको लागि शिक्षक सेवा आयोगसँग माग गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधारगर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ४८ | | | **निकासा अभिलेख खाता**<br><br>पालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्दछ । त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । पालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ । | |
| ४९ | | | **क्याम्पसलाई अनुदान**<br><br>***.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९/ १२१७ को निर्णयबाट रु. ५०००००/- सम्परीक्षण गरिएको ।)*** | ० |
| ५० | | | **दिवा खाजा**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष ३० विद्यालयलाई दिवा खाजा वापत विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा रु. ३३५९६७० उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ । | |
| ५१ | | | **बढी निकासा**<br><br>विद्यालयबाट पेश भएको माग फारममा शिक्षक किताबखानाबाट प्रमाणित तलबी प्रतिवेदन अनुसार ग्रेड रकम माग भए नभएको तथा पालिकामा भएको अभिलेख अनुसार अन्य शिक्षक र विद्यालय कर्मचारीको तलब माग भए नभएको परीक्षण गरी शिक्षक तलब बापतको रकम निकासा दिनुपर्दछ। पालिकालेश्री नेपाल तारा माध्यामिक विद्यालय रानीपानीमा कार्यरत निमावि तृतीय श्रेणी शिक्षक श्री सविना सुवेदीको सुर्य प्रकाश माध्यामिक विद्यालय कुश्मा सरुवा हुँदा विद्यालयको च.नं. | ८३,९४७ |

| | | | | |
|---|---|---|---|---|
| | | | ११० मिति २०७९।३।७ मा भएको रमाना अनुसार २०७८ चैत्र मसान्त सम्मको तलब भत्ता भूक्तानीको व्यहोरा उल्लेख गरेको छ। पालिकाले चौथो चौमासिकमा २०७९।३।७ सम्मको रु ८३९४७ रकम निकासा गरेकोले बढी निकासा भएको रकम असुल हुनुपर्ने रु | |
| ५२ | | | **लगत अभिलेख**<br><br>सामाजिक सुरक्षा नियमावली, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा यस वर्ष देखि बैकबाट भत्ता वितरण गरेकोमा कट्टा तथा लाभग्राही थप भएको विवरण प्राप्त हुन सकेन । लाभग्राहीलको आफन्त मृत्युदर्ता गर्न आएको अवस्थामा मात्र मृत्यु दर्ता गरी लगत कट्टा गरिने जानकारी प्राप्त भएकोले पालिकाले पेश गरेको विवरण तथा लगात कट्टा अभिलेख व्यवस्थित छ भन्न सकिने अवस्था रहेन । तसर्थ पालिकाले यस सम्बन्धमा अनुगमन गरी बैंकमा रकम निकासा भए अनुसार सम्बन्धितले भत्ता बुझेको यकिन गरी लाभग्राही अभिलेख अध्याविधक तथा सुचना फाईल व्यवस्थित गर्नुपर्दछ । | |
| ५३ | | | **फरवार्ड तथा रिभर्स फिड**<br><br>सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २३(१)मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताकोचौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची६ बमोजिमको ढाँचामा तयार गरी सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने तालुक निकायमा पठाउनु पर्ने उल्लेख छ । साथै पालिकाले बैकसँग गरेको सम्झौताअनुसार रकम निकासा भएको तथा फरवार्ड फिड गरेको १५ दिन भित्र बैंकले रकम जम्मा गरी रिभर्स फिड गर्नुपर्ने उल्लेख गरेकोमा बैकले १ महिना भन्दा बढी समय पश्चात रिभर्स फिड गर्ने गरेको पाईयो । जसअनुसार पालिकाबाट तोकीएको समयाविध भित्र तालुक निकायमा प्रतिवेदन भएको पाईइन । तसर्थ सम्झौताको पालना गरी समयमै फरवार्ड तथा रिभर्स फिड गर्ने र प्रतिवेदन गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ। | |
| ५४ | | | **विरतणको भरपाई** | ० |

| | | | | |
|---|---|---|---|---|
| | | | ***.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९/ १२/१७ को निर्णयबाट रु. १०९१४७५/- सम्परीक्षण गरिएको ।)*** | |
| ५५ | | | **ढलनामा बढी दर**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स २००० को प्रयोग गरी १ः२ः४ को कार्यको प्रति घ.मि.रु.११४७१ मात्र हुने देखिन्छ । तर कार्यालयले सडक निर्माणको लागि आवश्यक दर विश्लेषण नगरी भवन निर्माणतर्फ प्रति घ.मि.रु.१४६३६ प्रयोग गरेको छ । जसअनुसार स्वीकृत नर्म्स अनुसार प्रति घनमिट रु. २०२४ का दरले बढी हुने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले गोभौ ३६४ मिति २०७८।१२।१४ बाट माझगाउँ मोटरबाटो ढलान कार्य अन्तरगत सडक ढलानमा ३८.१२ घनमिटरमा प्रति घनमिटर रु.३१६५ का दरले रु.१२०६५० बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु. | १२०,६५० |
| ५६ | | | **संघीय कार्यालयलाई निकासा**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहले आफ्नो क्षेत्र बाहिर निर्माण कार्य गर्न पाउने गरी बजेट तथा कार्यक्रम स्वीकृत गर्न सक्ने व्यवस्था देखिएन । साथै नेपाल सरकार मातहतका सबै निकायहरुमा आवश्यक बजेट व्यवस्था गरेको हुन्छ । संघ तथा प्रदेश निकायका कार्यालयले जुन रकम कार्य तथा कार्यक्रमको लागिम नपुग भएकमा तालुक निकायसँग थप अख्तियारी माग गर्नुपर्दछ । पालिकाले यस वर्ष पैंयु गाउँपालिकामा रहेको संघीय सरकारको निकाय ईलाका प्रहरी कार्यालयको सभा हल निर्माणका लागि गोभौ ३८६ मिति २०७८।१२।१५ मा रु.२ लाख निकासा दिएको देखिन्छ । साथै ईन्धन, सवारी मर्मत लगायतका कार्यमा विभिन्न पटक गरी रु.१२५००० खर्च लेखेको पाईयो । प्रहरी प्रधान कार्यालय तथा जिल्ला प्रहरी कार्यलयको समन्वय बेगर पालिका क्षेत्रबाहिर रहेको ईलाका प्रहरीलाई भुक्तानी गरेकोले कार्यलयमा उक्त शिर्षकहरुमा बजेट विनियोजन भई दोहोरो भए नभएको यकिन समेत गर्न सकिएन् । तसर्थ तालुक निकायसँगको समन्वय वेगर यस प्रकारका खर्च लेखांकान गर्ने कार्यमा सुधार गर्नुपर्दछ । | |
| ५७ | | | **वार्षिक कार्यक्रममा समावेश नभएको** | ९६६,५०० |

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम योजना तथा कार्यक्रम निर्माण गरी दफा ७१ बमोजिम बजेट पेश तथा पारी गरि दफा ७३ बमोजिम खर्च गर्नुपर्दछ । तर कार्यालयले भैपरी योजना भनी एकमुष्ट रु.५० लाख बजेट विनियोजन गरेकोमा गाउँपालिका प्रमुखको तोक आदेशमा निम्नानुसार खर्च भएको देखिन्छ । उक्त रकम खर्च लेखांकन गर्दा निजि प्रकृतीका संस्था, फर्म तथा व्यक्तीले दिएको निवेदन लगायतका संलग्न राखि कार्यपालिकाको निर्णय तथा समाभको समर्थन बेगर अभ्यक्षको तोक आदेशमा भुक्तानी भएको देखिन्छ । साथै अनुदान तथा खर्च भुक्तानी पाउने लाभग्राही छनौटको मापदण्ड समेत निर्धारण नभएको अवस्थामा व्यक्तिगत तथा निजी फर्मलाई योजना शिर्षकबाट भुक्तानी दिएको नियम सम्मत देखिएन । साथै अनुदान तथा रकम भुक्तानी पाउनेको नाप कार्यालयको वेयभसाईटबाट सार्वजनिक समेत नगरेकोले वितरीत अनुदान तथा खर्च रकम पारदर्शी तवरबाट वितरण भएको छ भन्न सकिने अवस्था रहेन । तसर्थ योजना शिर्षकबाट स्वीकृत वार्षिक कार्यक्रम तथा योजनामा समावेश नभएकोलाई सुचक तथा आधार वेगर प्रमुखको तोक आदेशमा भुक्तानी भएको रकमको सम्बन्धमा आदेश दिनेलाई जिम्मेवार बनाई सभाबाट भएको खर्च समर्थन पेश हुनुपर्दछ । रु

| भौचर | भुक्तानी पाउने | वापत | रकम |
|---|---|---|---|
| २६६ | गौमाया सुनार | सुनचाँदी व्यवसाय संचालन गर्न | ५०००० |
| ३०२ | किन्जल कृषि तथा पशुपन्छी फर्म | कृषि प्रोत्साहन | १५०००० |
| २७८ | नवयुग कृषि तथा पशुपन्छी फर्म | कृषि प्रोत्साहन | ६०००० |
| २७५ | जामुने प्रगतिशिल कृषि तथा पशुपन्छी फर्म | कृषि प्रोत्साहन | ३५००० |
| २५८ | निलमाया बोटे | बंगुर पालन प्रोत्साहन | ३५००० |
| २५८ | रजनी बोटे | बंगुर पालन प्रोत्साहन | ४०००० |
| २५१ | खोवनाथ शर्मा ज्ञावली | ५० अनुदानमा मिनिटीलर खरिद | ३०००० |
| २४७ | निरुप्रसाद थापा | कुखुरा पालन प्रोत्साहन | ३०००० |
| २४७ | लक्ष्मी पुलामी | बंगुर पालन प्रोत्साहन | ३०००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११४</td><td>प्रतिक्षा सुनार</td><td>प्रतिक्षा कृषि तथा पशुपन्छी फर्म संचालन राहात</td><td>५००००</td></tr>
<tr><td>९५</td><td>प्रगतिशिल कृषि फर्म</td><td>बहुवर्षिय विरुवा उत्पादन</td><td>१५००००</td></tr>
<tr><td>९४</td><td>गिरी बर्द्रश कृषि तथा पशुपन्छी फर्म</td><td>८७ प्रतिशत बोयर वोका खरिद</td><td>५००००</td></tr>
<tr><td>६७</td><td>लाल बहादुर कोईराला</td><td>चोन्सो खरिद</td><td>४३५००</td></tr>
<tr><td>६३</td><td>जामुने कृषि पशुपन्छी तथा मौरीपालन फर्म</td><td>मौरीपलना प्रोत्साहन</td><td>५००००</td></tr>
<tr><td>५८</td><td>सोमनाथ उपाध्याय</td><td>मिनिटिलर खरिद</td><td>३५०००</td></tr>
<tr><td>५६</td><td>सुदीप कुवर</td><td>मिनिटिलर खरिद</td><td>३३०००</td></tr>
<tr><td>३९</td><td>सुनील कुमार सुनार</td><td>आलुखेती</td><td>४००००</td></tr>
<tr><td>३८</td><td>ज्ञानप्रसाद न्यौपाने</td><td>बाख्रा पालन कृषिक</td><td>३००००</td></tr>
<tr><td>३७</td><td>पवन श्रेष्ठ</td><td>बाख्रा पालन कृषिक</td><td>२५०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९६६५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>पालिका क्षेत्रबाहिरका संस्थालाई अनुदान<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ मा राजनितीक दल सम्बद्ध संस्था तथा संगठनलाई आर्थिक सहायता तथा बजेट विनियोजन गर्न पाउने व्यवस्था रहेको देखीदैन । पालिकाले गोभौ ५४४ मिति २०७९।०३।२३ बाट पर्वत जिल्ला स्थित कुश्मा नगरपालिकामा निर्माण भई रहेको मदन आश्रित स्मृती भवन निर्माण कार्यको लागि उपभोक्ता समितिलाई रु.५ लाख अनुदान दिएको पाईयो । उक्त खर्चको श्रेस्तामा संलग्न निकासा परिक्षण गर्दा रु.१७०३५०६ लागत अनुमानमा निर्माण भई रहेको भवनको लागि पालिका अतिरिक्त अन्य दुई पालिकाबाट समेत बजेट भुक्तानी हुने गरी लागत अनुमान तयार गरेको देखिन्छ । साथै पालिकाको आान्तरिक आयको तुलनामा करिब २० प्रतिशत रकम कार्य क्षेत्र बाहिर तथा जिल्ला सदरमुकाममा निर्माण भई रहेको राजनैतीक दल आवद्ध संस्थालाई कानुनमा उल्लेख भए भन्दा फरक हुने गरी अनुदान दिएको नियम सम्मत देखिएन । रु</td><td>५००,०००</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>प्रधान मन्त्री रोजगार कार्यक्रममा बढी दर</td><td>२१,१२९</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | प्रधान मन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका अनुसार नेपाल सरकारले तोकेको न्यनतम दर वा जिल्ला दररेटको ८० प्रतिशतमा जुन बढी हुन्छ सोही दरमा मात्र ज्याला रकम भुक्तानि दिन पाउने व्यवस्था रहेको छ । तर कार्यालयले गोभौ ५१९ मिति २०७९।०३।१६ बाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत लोकमार्ग देखि जक जुरेढुगा सिमाल पैदल मार्ग निर्माण समितिलाई अतिरिक्त ज्याला वापत भनी रु.२११२९ भुक्तानी दिएको देखिन्छ । कार्य विधिमा उल्लेख भए अनुसार जिल्ला दररको ८० प्रतिशत रकम भुक्तानी दिएकोमा पुनः थप निकासा दिएकोले कार्यविधिमा उल्लेख भए भन्दा उक्त रकम बढी भुक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्दछ । रु | |
| ६० | | | **निजी जग्गा खरिद**<br><br>नेपाल सरकारले भू समस्या सम्बन्धी आयोग गठन गरी भूमी हिनलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्य गर्दै आएको छ । स्थानीय सरकार संचालन ऐन २०७४मा स्थानीय तहले जग्गा खरिद गर्न पाउने तथा निजि व्यक्तीको लागि जग्गा खरिद गरीदिन पाउने सम्बन्धी कुनै व्यवस्ा्था गरेको देखिएन । तर वडाबाट विनियजित बजेटबाट भूमिहिनको लागि भूमि व्यवस्थापन कार्य अन्तरगत वडा समितिको मिति २०७८।१०।२४ को सिफारिस अनुसार भीममायथा राना थापालाई जग्गा खरिद वापत रु.१ लाख भुक्तानी भएको छ । श्रेस्तामा संलग्न कागजात परीक्षण गर्दा निजलाई ४-०-३-३ रोपनी जग्गा खरिद वापतको रकम पालिकाबाट भुक्तानी दिएको देखिन्छ । कानुनमा व्यवस्था नभएको निजि प्रयोजनको लागि जग्गा खरिद गर्ने निर्णय गरी खरिद गर्ने वडा समितिका पदाधिकारीबाट उक्त रकम असूल गर्नुपर्दछ । रु | १००,००<br>० |
| ६१ | | | **नापी पेश नभएको**<br><br>सार्वजिनक खरिद ऐन २०६३ को दफा ५ मा निर्माण कार्यको हकमा जतिसुकै रकमको भएतापनी लागत अनुमान तयार गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा प्राविधिक नापजाँचको आधारमा भुक्तानी दिने व्यवस्था छ । पालिकाले वडाको सीफारिसको आधारमा निम्नानुसार रकम भुक्तानी दिएकोमा निर्माण कार्य गरेको देखिने नापी किताब तथा प्राविधिक मुल्यांकन संलग्न रहेको देखिएन । तसर्थ निम्नानुसार कार्यभ एक ो देखिने नापी किताब तथा प्राविधिक मुल्यांकन पेश हुनुपर्दछ । रु<br><br>गोभौ र मिति \| भुक्तानी पाउने \| कार्य \| रकम | २७८,१५<br>० |

| | | | |
|---|---|---|---|
| ५०।२०७८।०८।१४ | कृष्ण विश्वकर्मा, यम बहादुर दर्जी र मन बहादुर सुनार | वडा नं ३ पैदल मार्ग निर्माण | ५२९२५ |
| ३१।२०७८।०८।०२ | मदन थापा, विशाल बोटे र शरद बहादुर थापा | वडा नं ३ बाटो मर्मत | ५२१२५ |
| ३९६।२०७८।१२।१७ | ख्यम बहादुर नेपाली, जित बहादुर नेपाली र विकु नेपाली | वडा नं ५ बटो सुधार तथा भलिवल ग्राउण्ड | ५०००० |
| ७०।२०७८।०८।३० | अस्मिता श्रेष्ठ, जनक प्रसाद मास्के, तुलसी श्रेष्ठ र राधिकार कुंवर | बाटी मर्मत | ७७१०० |
| ३३७।२०७८।१२।११ | अंकुश श्रेत्री, रेशम न्यौपाने र सुसिल न्यौपाने | वडा नं ३ सिढी मर्मत | ४६००० |
| | जम्मा | | २७८१५० |

| | | | | |
|---|---|---|---|---|
| ६२ | | | **वडाबाट खरिद**<br><br>स्थानीय सरकरा संचालन ऐन अनुसार वडाबाट खरिद कार्य गर्न सकिने व्यवस्था गरेको छैन । सार्वजनिक खरिद नियमावलीको नियम १० अनुसार निर्माण सामाग्रीको लागत अनुमान तयार गरी खरिद कारबाही गर्नुपर्ने उल्लेख छ । पालिकाका वडाले वार्षिक बजेट तयार गर्दा वडाका लागि पाईप लगायतका सामाग्री खरिद भनी उल्लेख गरेकोमा सोही कार्यक्रमलाई आधार बनाई पालिकाको स्वीकृती वेगर वडाबाट पाईप तथा साग्रीहरु खरिद गरेको छ । साथै पालिकालेकाले यस वर्य सबै वडामा विनियोजित बजेटबाट गरीनुपर्ने खरिद लाई ए कार्यक्रम बनाई प्रतिप्रधाको विधिबाट खरिद गर्नुपर्नेमा सो नगरी वडाले आवश्यकता अनुसार सप्लायर्सबाट कोटेशन माग गरी वडामै खरिद गर्ने तथा सामाग्री वितरण गरि सके पश्चात पालिकामा भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । साथै वडाबाट खरिद भएका सामानहरु वडा मै दाखिला हुने र सोको जिन्सी अभिलेख समेत पालिकामा पेश नहुने र पालिकाको एकीकृत जिन्सी विवरणमा समेत वडाका सामान नदेखिएकोले वडाले खरिद तथा दाखिला गरेको सामाग्रीको गुणस्तर, स्पेशिफिकेशन | ८६०,५१७ |

| | | | | |
|---|---|---|---|---|
| | | | तथा परिमाण यकिन गर्ने सकिएन । साथै प्रत्येक वडाबाट देहायअनुसर पाईपहरु सोझै खरिद गरेकोमा लाभग्रीहीलाई कुन कुन सूचाकांकको आधारमा के कति पाईप दिईएको हो तथा वितरित पाईप जाडान भए नभएको सो समेत खुल्ने प्राविधिक मुल्यांकनसमेत समावेश गरेको पाईएन। उक्त पाईपहरु जडान भएको प्राविधिक विल तथा नापी किताब पेश हुनुपर्ने तथा खरिद कार्यलाई प्याकेज नबनाई प्रतिस्पर्धि नबनाएको नियमित हुनुपर्ने रु. | |

| भौचर नं | खरिद सामाग्री | सप्लायर्स | रकम |
|---|---|---|---|
| ४३८ | २० एमएम को ११६० मिटर, ३२ एमएमको ४०० मिटर र ४० एमएमको २०० मिटर पाईप खरिद | पैंयु कालीका हार्डवर्य | १००००० |
| ७३ | १०५० मिटर एचडिपिई पाईप | पैंयु कालीका हार्डवर्य | १३६५५० |
| ४११ | १० वण्डल जस्ता तथा २० एमएमको २००० मिटर पाईप | जय श्रीराम ट्रेडर्स | २००००० |
| ४०३ | ९२० मिटर एचडिपीई पाईप | हिमालय मल्टीपल ट्रेड्रस | १८०००० |
| १६५ | ११०० मिटर एचडिपिई पाईप | छवि कन्ट्रक्सन रालि | ६११३३ |
| २२ | ९०० मिटर एचडिपिई पाईप | छवि कन्ट्रक्सन रालि | ८५०८९ |
| १६ | १०० मिटर एचडिपिई पाईप | छवि कन्ट्रक्सन रालि | ९७७४५ |
| | जम्मा | | ८६०५१६ |

| | | | | |
|---|---|---|---|---|
| ६३ | | | null | |
| ६४ | | | **नापी किताब तथा कार्यसम्पन्न** | १३४,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजिनक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्यको नापजाँच सहितको प्राविधिक विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोभौ ३२१ मिति २०७८।११।२७ बाट विद्युत पोल मर्मत कार्यको लागि वहकीठाँटी सामुदायिक विद्युतिकरण उपभोक्ता समितिलाई रु.१३४००० भुक्तानी दिएको छ । तर भुक्तानीको श्रेस्तामा उपभोक्ता समितिले पेश गरेको डोर हाजिर मात्र समावेश रहेको छ । उक्त कार्यको प्राविधिक मुल्यांकन भएको देखिने नापी किताब तथा कार्यसम्पन्न समावेश रहेको देखिएन । अतः प्रविधिक मुल्यांकन भएको नापी किताब तथा कार्यसम्पन्न पेश हुनुपर्दछ । रु | |
| ६५ | | | **समितिलाई हस्तान्तरण**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ११ ले उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागीताबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गनुपर्ने र त्यसरी प्राप्त भएको विवरणको अभिलेख सम्बन्धित निकायले राख्नुपर्ने र निर्माण कार्य सम्पन्न भएपछी सोको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति या लाभग्राही समुदायलाई नै हस्तान्तरण गनुपर्ने व्यवस्था उपनियम १२ मा छ । कार्यालयले यस आर्थिक वर्षमा सम्पन्न आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको अभिलेख उपभोक्ता समिति मार्फत सञ्चालित आयोजना समितिलाई नै हस्तान्तरण गरि मर्मत सम्भार र दिगो व्यवस्थापन गराउने सम्बन्धमा पहल हुनुपर्ने देखिन्छ । | |
| ६६ | | | **सिमेन्टको प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ । कार्यालयले देहायका योजनामा ओ.पि.सि. सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू..अ.कर बिजक समावेश गरेकामा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.९३२ (मू.अ.कर सहित) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.८१३ (मू.अ.कर सहित) रहेको छ । जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको छैन भने आर्कोतर्फ प्रति बोरा रु.११८का दरले बढी | ३३०,९९० |

भुक्तानी भएको छ । तोकिएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ । नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.

| भौ नं | योजना तथा उपभोक्ता समिति | उ.स.बाट खरिद गरिएको सिमेन्टको सप्लायर्स | सिमेन्ट बोरा | रकम |
|---|---|---|---|---|
| ५५७ | खत्तेरी पौवा निर्माण योजना | छवी कन्ट्रक्सन एण्ड सप्लायर्य ६०९५२१०८३ | ३० | ३५४० |
| ५५६ | ठूलो पधेरा जोजीखाल्टा सिचाई कुलो | पैंयु कालिका हार्डवेयर ६०१६३१११७ | ५० | ५९०० |
| ५५३ | उराम पदमार्ग समिति | पैंयु कालिका हार्डवेयर ६०१६३१११७ | ४९ | ५७८२ |
| ५४९ | तल्लो पधेरा सापकोटा पदमार्ग | पैंयु कालिका हार्डवेयर ६०१६३१११७ | ३० | ३५४० |
| ५४८ | विरुवारी उरेवा पक्की सिडी बाटो | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | ८० | ९४४० |
| ५३७ | पाताल ६५ कुलो मर्मत | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | ३० | ३५४० |
| ५३१ | बाच्छावट पदमार्ग निर्माण समिति | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | ३५ | ४१३० |
| ५२७ | रिउदी खोला पञ्चासे सिचाई कुलो | निवास ईन्टरप्राईजेज ३०१०३६०६७ | ३० | ३५४० |
| ५०२ | भनभुजे सिचाई टंकी निर्माण | छवी कन्ट्रक्सन एण्ड सप्लायर्य ६०९५२१०८३ | ४० | ४७२० |
| ४९८ | बाङ्गेमुल नेपाने कुलो मर्मत | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | १२० | १४१६० |

| | | | | |
|---|---|---|---|---|
| ४९२ | नौनादी पधरो सिचाई मर्मत | निवास ईन्टरप्राईजेज ३०१०३६०६७ | ३५ | ४१३० |
| ४८१ | सिम्ले ठुलो सिचाई कुलो निर्माण | छवी कन्ट्रक्सन एण्ड सप्लायर्य ६०९५२१०८३ | ४५ | ५३१० |
| ४६३ | पाण्डेडाँडा सिचाई कुलो निर्माण | पैंयु कालिका हार्डवेयर ६०१६३१११७ | ९५ | ११२१० |
| ४६१ | पिपलपाटा वडा कार्यालय मोटर बाटो | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | ११० | १२९८० |
| ४६० | पुरुवा असिमुरे सिचाई कुलो | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | ५० | ५९०० |
| ४५८ | तल्लो ढाँड कुलो मर्मत समिति | निवास ईन्टरप्राईजेज ३०१०३६०६७ | ५७ | ६७२६ |
| ४५३ | बगाले कुलो मर्मत | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | १७५ | २०६५० |
| ४२२ | चौरासीफाँट सिचाई कुलो मर्मत | न्यौपाने ब्रदर्श सपेलायर्स ६०८८३३३३३ | ५३ | ६२५४ |
| ४१५ | रिपवारि भल व्यवस्थापन समिति | छवी कन्ट्रक्सन एण्ड सप्लायर्य ६०९५२१०८३ | ६० | ७०८० |
| ४०४ | खहरे खोला लिप्लुङ्ग सिचाई कुलो मर्मत | पैंयु कालिका हार्डवेयर ६०१६३१११७ | ११० | १२९८० |
| ३९१ | रिप बाँध खोला सिचाई | गह्रौ कालिका हार्डवेयर ६०७७६०२३३ | ७० | ८२६० |
| ३८८ | ढाव गैरा सिचाई टंकी निर्माण | न्यौपाने ब्रदर्श सपेलायर्स ६०८८३३३३३ | ९० | १०६२० |
| ३७९ | ठाटी आम्बोटे कुलो मर्मत | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | ८१ | ९५५८ |

| | | | | |
|---|---|---|---|---|
| ३७८ | कुल बाँध देखि पाखर सम्म कुलो निर्माण | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | ६५ | ७६७० |
| ३७२ | कुल बाँध देखि डुम्रे गैरा सिचाई कुलो | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | ६५ | ७६७० |
| ३७० | आम्टारी आवि | छवी कन्ट्रक्सन एण्ड सप्लायर्य ६०९५२१०८३ | ५५ | ६४९० |
| ३६९ | तेल चाब्रे संगम घाट | निवास ईन्टरप्राईजेज ३०१०३६०६७ | ७० | ८२६० |
| ३६५ | खरिवोट कुलो मर्मत | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | ८३ | ९७९४ |
| ३५५ | खोरपोखरा शिवमन्दीर निर्माण | पैंयु कालिका हार्डवेयर ६०१६३१११७ | १७० | २००६० |
| ३२० | कुवा गैहा गहते सडक स्तरउन्नती | छवी कन्ट्रक्सन एण्ड सप्लायर्य ६०९५२१०८३ | १०० | ११८०० |
| ३१३ | ईमिचौर देखि थापाटोल सडकसम्म जाने पक्की सिडी | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | ९७ | ११४४६ |
| २२७ | खरिखोला देखि नेपालटार मावि जाने सिडी | सुदिष्णा ईम्पोरियम प्रालि ६१००१९८८९ | ८३ | ९७९४ |
| २२५ | तोसखोला देखि माटो खन्ने सम्म पदमार्ग | छवी कन्ट्रक्सन एण्ड सप्लायर्य ६०९५२१०८३ | ६० | ७०८० |
| २०४ | पाखायर ग्याविन तथा मेसनरी वाल निर्माण | निवास ईन्टरप्राईजेज ३०१०३६०६७ | १५० | १७७०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७६</td><td>पघेरा ग्रहा खोटे थुम्का सिचाई कुलो</td><td>पैंयु कालिका हार्डवेयर ६०१६३१११७</td><td>७०</td><td>८२६०</td></tr>
<tr><td>१७३</td><td>दलित बस्ती ढल निकास</td><td>पैंयु कालिका हार्डवेयर ६०१६३१११७</td><td>७०</td><td>८२६०</td></tr>
<tr><td>१५५</td><td>ठुलो पधेरा घैयाडाँडा पदमार्ग</td><td>पैंयु कालिका हार्डवेयर ६०१६३१११७</td><td>६०</td><td>७०८०</td></tr>
<tr><td>१४८</td><td>रानीखोला हुदै लुङ्केली घर माथीको कुलो</td><td>निवास ईन्टरप्राईजेज ३०१०३६०६७</td><td>८२</td><td>९६७६</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>३३०९९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>बायो–इञ्जिनियरिङ्ग<br><br>सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत÷सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू–क्षय रोक्नका लागि बायो–इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो–इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू–क्षय तथा भू–स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखित पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>हेभी मेशिन प्रयोग<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>जटिल कार्य</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, विद्युतीकरण पिचलगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>ठेक्का अभिलेख<br><br>सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता लेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार गरी सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ। यस कार्यालयले गत तथा यस वर्ष व्यवस्थापन गरेका ठेक्काहरुको विवरण स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा ठेक्का अभिलेख राखेको पाईएन। जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुकानी अभिलेख प्राप्त हुन सकेन। तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>पर्खालमा बढी दर<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स २६०० प्रयोग गरी दरविश्लेषण गर्दा ढुंगाको पार्खल लगाउने कार्य १:६ को प्रति घ.मि.रु.८६५५ हुने देखिन्छ । तर कार्यालयले सडक निर्माणको लागि आवश्यक दर विश्लेषण नगरी भवन निर्माणतर्फ १:६ को प्रति घ.मि.रु.९८०० प्रयोग गरेको छ । जसअनुसार स्वीकृत नर्म्स अनुसार १:६ मा प्रति घनमिट रु.११४५का दरले बढी हुने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएको रकम असूल हुनुपर्दछ । रु<br>
<table>
<tr><td>भौनं</td><td>उपभोक्ता समिति</td><td>कार्य परिमाण</td><td>बढी दर</td><td>रकम</td></tr>
</table></td><td>७३,९२१.२</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५३३</td><td>ठौवा मालुवाकुण्ड ढाकाचौर मोटरबाटो</td><td>१४.१२</td><td>११४५</td><td>१६१६७</td></tr>
<tr><td>४६१</td><td>पिपलपाटा कार्यालय पूर्णगाउँ मोटरबाटो</td><td>५०.४४</td><td>११४५</td><td>५७७५४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६४.५६</td><td>११४५</td><td>७३९२१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>
अनुगमन तथा संपरीक्षण<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले यस वर्षको लेखापरीक्षणको क्रममा आर्थिक वर्ष २०७७।७८ को नाम्सबाट स्मपरीक्षणको लागि अनुरोध गरेकोमा नाम्सबाट संपरीक्षण गरी जानकारी दिईने छ । साथै आर्थिक वर्ष २०७७।७८ भन्दा अघीको बेरुजू फर्छयौट गरी अनुरोध गरेको मध्ये सम्परीक्षण भएको बेरुजुको विवरण देहाय अनुसार रहेको छ ।
<table>
<tr><th>आर्थिक वर्ष</th><th>दफा</th><th>फर्छयौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२०७५।७६</td><td>३२</td><td>बढी दरको रकम असूल गरी दाखिला गरेको भौचर पेश</td><td>११६९६९</td></tr>
<tr><td>२०७५।७६</td><td>३८।७</td><td>अग्रगमन सामुदायिक सिकाई केन्द्रको पेश्की फर्छयौट भएको</td><td>१०००००</td></tr>
<tr><td>२०७६।७७</td><td>३२</td><td>शिला आधारभुत विद्यालयबाट प्रमाण पेश</td><td>१६०६५</td></tr>
<tr><td>२०७६।७७</td><td>३६</td><td>पलाष्टीक टनर्ल तथा पोखरी निर्माणको भरपाई पेश</td><td>८१९८७५</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७६।७७ | ४० | जनसेवा विद्यालय र वडा कार्यालय घेरा वार निर्माण समितिबाट असूल भएको | ८९०५ | |
| | | | २०७६।७७ | ४१।६ | जनसेवा विद्यालय र वडा कार्यालय घेरा वार निर्माण समितिबाट मुअ कर असूल भएको | ५५५३ | |
| | | | २०७६।७७ | ४१।७ | लामाखर्क पूर्णगाउँ ग्रामिण सडक निर्माण उसबाट मुअ कर असूल | ३१९८ | |
| | | | २०७६।७७ | ४३।१ | वयडाँडा सिचाई टंकी निर्माण समितिबाट बढी भुक्तानी असूल | १३९२०० | |
| | | | २०७६।७७ | ४५ | आमासुरक्षा कार्यक्रम तर्फको कर असूल | १८०० | |
| | | | २०७६।७७ | ४८ | पलाष्टिक टनेल वितरणको भरपाई पेश | ४९९८९० | |
| | | | २०७६।७७ | ५० | आईसिटीको अनुगमन प्रतिवेदन पेश | ७३७२०० | |
| | | | २०७६।७७ | ५९ | गोविन्द कुमारी पराजुलीलाई रकम बुझाएको प्रमाण पेश | १२००० | |
| | | | २०७६।७७ | ६५ | नेपाल तारा माविको पेश्की पर्छ्यद भएको | १५०००० | |
| | | | २०७६।७७ | ६५ | भतेरपाटा सचेतना केन्द्र भवन निर्माण समितिको पेश्की फर्छ्यौट | १२०००० | |
| | | | २०७६।७७ | २८।१४ | लक्ष्मी भवन मावि पेश्की फर्छ्यौट | १८००००० | |
| | | | | | जम्मा | ४५३०६५५ | |